# बुढीनन्दा राजपत्र

## बुढीनन्दा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या १ मिति २०८० फागुन १३ गते

## भाग १

## बुढीनन्दा नगरपालिकाको सूचना

यस बुढीनन्दा नगरपालिकाको राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि २०८० बमोजिम सर्वसाधारण जनताको जानकारीका लागि यो ऐन प्रकाशन गरिएको छ;

### <u>पूर्वाधार व्यवस्थापन ऐन, २०८०</u>

**प्रस्तावनाः** बुढीनन्दा नगरपालिका क्षेत्र भित्र पूर्वाधार संरचना निर्माण, सञ्चालन तथा व्यवस्थापन गरी स्थानीय जनतालाई पूर्वाधार सेवा उपलब्ध गराउनको लागि आवश्यक कानुनी व्यवस्थापन गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ बमोजिम बुढीनन्दा नगर सभाले ऐन बनाएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम प्रारम्भः** (१) यसको नाम "बुढीनन्दा नगरपालिकाको **पूर्वाधार व्यवस्थापन ऐन**, २०८० रहेको छ।

(२) यो ऐन बुढीनन्दा नगरको स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्का अर्थ नलागेमा यस ऐनमाः-

(क) "अमानत" भन्नाले ठेक्कामा नलगाई स्थानीय सरकार आफैले सिधै सम्पन्न गर्ने निर्माण कार्य वा लेखा सम्बन्धी कार्य सम्झनु पर्छ।

(ख) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुख भन्ने सम्झनु पर्नेछ।

(ग) "कार्यपालिका" भन्नाले बुढीनन्दा नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्नेछ।

(घ) "जलश्रोत" भन्नाले नगरपालिका क्षेत्र भित्रको भू-सतहमा वा भूमिगत वा अन्य जुनसुकै अवस्थामा रहेको पानी सम्झनु पर्दछ।

(ङ) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिएबमोजिम सम्झनु पर्छ।

(च) "नगरपालिका" भन्नाले बुढीनन्दा नगरपालिका सम्झनु पर्नेछ।

(छ) "नगर सभा" भन्नाले संविधानको धारा २२३ बमोजिमको नगर सभा सम्झनु पर्छ।

(ज) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनुपर्छ।

(झ) "पूर्वाधार" भन्नाले यस ऐनमा अनुसूची १ मा उल्लेख भए बमोजिमको विषयसँग सम्बन्धित भौतिक पूर्वाधारलाई सम्झनु पर्दछ।

(ञ) "स्थानीय अधिकारी" भन्नाले प्रमुख प्रशाकीय अधिकृत वा नगरपालिकाले यस ऐन बमोजिम दर्ता तथा अनुमति सम्बन्धी कार्य गर्न तोकेको अधिकारीलाई सम्झनु पर्दछ।

## परिच्छेद -२

## स्थानीय सडक तथा यातायात व्यवस्थापन

३. **<u>स्थानीय सडकहरुको वर्गीकरण</u>**: (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र सडक विस्तार गरी यातायात सुविधा उपलब्ध गराउनका लागि आवश्यकता अनुसार सडकहरुको वर्गीकरण र वृहत्तर सडक सञ्जाल गुरुयोजना तयार गर्नेछ।

(२) नगरपालिका स्तरमा मुख्यतः निम्नानुसारको सडकहरु रहनेछन्:

(क) **नगर सडकः** नगरपालिकाको वडा कार्यालय र महत्वपूर्ण स्थानमा रहेका सडकलाई नगर सडक भनिने र यस्ता सडकको चौडाई न्यूनतम् छ मिटर हुनुपर्नेछ।

(ख) **वस्ती सडकः** नगर सडकबाट वस्तिहरु जोड्ने सडकहरुलाई ग्रामिण सडक भनिने र यस्ता सडकहरु कम्तिमा पनि पाँच मिटर चौडा हुनेछन्।

(ग) **कृषि सडकः** नगरपालिका भित्रका मुख्य-मुख्य कृषि उत्पादन क्षेत्र र बजारलाई जोड्ने सडकहरुलाई कृषि सडक भनिने र यस्ता सडकको न्युनतम् चौडाई ४ मिटर हुनुपर्नेछ।

(घ) **घोडेटो मुल बाटोः** मानिस र पशु चौपाया मात्र हिड्ने १ भन्दा बढी गाउँ वस्ती जोड्ने बाटोलाई घोडेटो मूल बाटो भनिने र यस्ता बाटोको न्यूनतम् चौडाई २ मिटरको हुनेछ।

(ङ) **गोरेटो बाटोः** मानिस र चौपाया हिड्ने वस्तीबाट घोडेटो मूलबाटो वा वस्ती सडकसम्म जोडिने बाटोलाई गोरेटो बाटो

भनिने र यस्तो बाटोको चौडाई न्यूनतम् २ फिटको हुनेछ।

(३) प्रत्येक स्थानीय सडकहरुको घुम्ती तथा मोडहरुमा ठूला सवारी आवागमन समेत मध्यनजर गरी निर्धारित चौडाई भन्दा ४० प्रतिशत बढी हुने गरी निर्माण गर्नु पर्दछ।

४. **मापदण्ड निर्धारण गर्ने**: (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्र निर्माण हुने सडकहरुमा यातायात सुविधा सञ्चालनको मापदण्ड तोक्न सक्नेछ।

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र भएका सडकले वहन गर्न सक्ने वजन र आकारको हद तोकी त्यस्ता सडकमा त्यसरी तोकिएको हद भन्दा बढीको सवारी चलाउन नपाउने गरी निषेध गर्न सक्नेछ।

५. **स्वीकृति नलिई संरचना निर्माण गर्न नपाइने**: (१) यस ऐनको दफा ३ बमोजिमका सडक र सडकका अधिकार क्षेत्र भित्र कसैले सम्बन्धित अधिकारीको स्वीकृति बिना कुनै प्रकारका संरचना निर्माण गर्न वा व्यवसाय सञ्चालन गर्न वा व्यवसाय सञ्चालन गरेमा

यस ऐन बमोजिम त्यस्ता संरचना भत्काउने अधिकार नगरपालिकालाई हुनेछ।

(२) कसैले कुनै कामको निमित्त सार्वजनिक सडक वा सडक सीमा खन्नु वा भत्काउनु परेमा नगरपालिकाको कार्यालयमा भत्काउनु पर्ने कारण सहित निवेदन दिनु पर्दछ। यसरी प्राप्त निवेदन बमोजिम खन्नु भत्काउनु पर्ने नपर्ने जाँच बुझ गरी खन्दा भत्काउदा लाग्ने अनुमानित रकम सम्बन्धित रकम सम्बन्धित सरोकारवालाबाट धरौटी लिएर मात्र नगरपालिकाले स्वीकृति प्रदान गर्न सक्नेछ।

(३) पहिले देखि चलि आएको कुनै सडकको विस्तार गर्नु परेमा उक्त सडकको दायाँ बायाँ थप जग्गा लिनु परेमा तोकिएबमोजिमको क्षतिपूर्ति सम्बन्धित जग्गा धनीलाई दिएर मात्र सडक पूर्वाधार बनाउनु पर्नेछ।

६. <u>**सडकको आवागमनमा बाधा पुर्याउन नहुनेः**</u> (१) कसैले सार्वजनिक सडकमा कुनै माल वस्तु छोडेको, राखेको वा फालेको कारणबाट त्यस्तो सडकको आवागमनलाई कुनै किसिमले बाधा पुर्याएको भए त्यस्तो माल वस्तु हटाउनको निमित्त सरोकारवाला

व्यक्तिको नाउँमा नगरपालिकाले आदेश जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएको आदेशको अवधि भित्र नहटाएको वा धनी पत्ता नलाजगेको खमाल वस्तुलाई सडकको छेउ लगाई राख्न वा आफ्ना कब्जामा राख्ने गरी अन्यन्त्र लैजान समेत सक्नेछ।

(३) नगरपालिकाले अति आवश्यक सडक सञ्जाल जोडनु पर्ने ठाउँमा प्रचलित कानुनले तोकेको प्रक्रिया पुर्याइ जग्गा अतिक्रमण गर्न सकिनेछ।

७. **सार्वजनिक यातायातको व्यवस्थापनः** नगरपालिकामा सञ्चालन हुने स्थानीय सार्वजनिक यातायातको मार्ग निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमनका लागि नगरपालिकाले छुट्टै कानुन बनाई कार्यान्वयन गर्नेछ ।

## परिच्छेद ३

## जलस्रोतहरुको संरक्षण र उपयोग

८. **जलस्रोतको उपयोग**ः (१) नगरपालिका भित्र रहेका भूमिगत वा सतही जलस्रोतको अनधिकृत प्रयोगलाई

निषेध गरी सो को संरक्षण गर्ने दायित्व नगरपालिकाको हुनेछ।

(२) जलस्रोतको उपयोग गर्दा देहायबमोजिमका उपयोगका लागि प्राथमिकता दिइने छः-

(क) पिउने पानी

(ख) सिंचाई

(ग) पानी घट्ट, औद्योगिक वा निर्माण प्रयोजन

(घ) जलविद्युत

(ङ) जल पर्यटन (जलक्रिडा लगायत)

(च) लिप्ट सिंचाई

(३) नगरपालिका क्षेत्र भित्र रहेका पानीको मुहान वा श्रोतको समूचित संरक्षण र उपयोग गर्ने अधिकार नगरपालिकालाई हुनेछ।

(४) नगरपालिकामा क्षेत्रमा मुहान सम्बन्धी कुनै विवाद सृजना भएमा नगरपालिकाले सहजीकरण गर्नेछ।

९. **अनुमति लिनु पर्नेः** (१) यस ऐन बमोजिम अनुमति नलिई कसैले पनि व्यक्तिगत प्रयोजनको लागि बाहेक निम्नानुसार जलस्रोतको उपयोग गर्ने छैनः

(क) सार्वजनिक वा समूहगत रुपमा खानेपानी वा अन्य घरेलु प्रयोजनको लागि उपयोग गर्न,

(ख) सामुहिक रुपमा जग्गाको सिंचाई गर्न,

(ग) व्यवसायिक वा व्यापारिक प्रयोजनको लागि प्रयोग गर्न,

(घ) जलक्रिडा जस्ता मनोरञ्जनात्मक क्रियाकलाप सञ्चालन गर्न,

(ङ) व्यवसयिक रुपमा माईक्रो हाइड्रो, पानी घट्ट सञ्चालन गर्ने,

बुढीनन्दा नगरपालिका

(च) तोकिएबमोजिमको अन्य आवश्यक कार्य गर्न।

(२) जलश्रोतको सामूहिक लाभ, व्यवसायिक प्रयोग वा उपदफा (१) मा उल्लेख गरिए बमोजिमका क्रियाकलाप गर्न नगरपालिकाको अनुमति लिनु पर्दछ।

(३) सामुदायिक उपयोगका लागि उपभोक्ता संस्था मार्फत र व्यवसायिक उपयोगका लागि प्रचलित कानुन बमोजिम दर्ता भएको संस्था, फर्म वा कम्पनीले नगरपालिका समक्ष तोकिएको विवरण खुलाई निवेदन पर्नेछ।

(४) उपदफा (१) मा जेसुकै लेखिएको भएतापनि नेपाल सरकारको जलस्रोतको उपयोगको राष्ट्रिय प्राथमिकता आयोजना सञ्चालन गर्न यस ऐनले बाधा पुर्याउने छैन।

(५) उपदफा (१) को खण्ड (ङ) बमोजिम एक मेगावाट सम्मको जलविद्युत उत्पादन गर्नु परेमा देहायका विवरणहरु खुलाई नगरपालिकामा निवेदन दिनु पर्दछ।

(क) परियोजनाको विवरण

(ख) परियोजना रहने स्थानको नक्शा (मुख्य-मुख्य संरचना समेत देखिने)

(ग) पानीको स्रोत र उपयोग हुने पानीका परिमाण,

(घ) परियोजनाबाट लाभान्वीत हुने उपभोक्ताहरुको संख्या र किसिम,

(ङ) परियोजना सम्पन्न गर्न लाग्ने अनुमानित कुल अवधि र लागत

(च) परियोजना सञ्चालनमा पर्ने वातावरणीय जोखिमहरु (वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन)

(६) उपदफा (५) बमोजिम परेको आवेदनमा नगरपालिकाको वातावरण र जलस्रोत हेर्ने शाखाले आवश्यक जाँचबुझ गरी गराई दरखास्त परेको मितिले तीस दिन भित्र जलस्रोतको परिमाण, उपयोग

अनुमतिको अवधि र वातावरणीय जोखिम न्युनिकरणका शर्तहरु तोकी आवेदनकर्तालाई अनुमति प्रदान गर्न सक्नेछ।

(७) यो ऐन प्रारम्भ हुनुभन्दा अगावै जलस्रोतको उपयोग गरिरहेको प्रोपोराइटर वा संस्थाले पनि तोकिएको विवरण सहित यो ऐन प्रारम्भ भएको मितिले १ बर्ष भित्र अनुमति पत्रको लागि आवेदन दिनु पर्नेछ।

(८) अनुमतिपत्र प्राप्त व्यक्तिले आफ्नो अनुमति पत्र विक्री गर्न वा अन्य कुनै प्रकारले कसैलाई हस्तान्तरण गर्नु परेमा नगरपालिकामा उपयोग अनुमति हस्तान्तरणको लागि आवेदन दिनु पर्नेछ।

१०. **<u>जलस्रोतको सामुदायिक लाभ व्यबस्थापन</u>**: (१) नगरपालिका क्षेत्र भित्र खानेपानी, सिंचाई, पानी घट्ट, लघु जलविद्युत र ताल पोखरीको लागि जलश्रोत उपभोग गर्न परेमा सम्बन्धित क्षेत्रको उपभोक्ताहरु मिली जल उपभोक्ता संस्थाको गठन गरेर सो मार्फत अनुमति लिएर मात्र निर्माण सञ्चालन गर्नु पर्नेछ।

(२) यस ऐन तर्जुमा हुनु अघि नै संस्थागत रुपमा कुनै समूह वा संस्थाले उपयोग गरी आएको

जलश्रोतलाई यो ऐन तर्जुमा भएको १ बर्ष भित्र नगरपालिकामा दर्ता गराउनु पर्नेछ।

११. **<u>जल उपभोक्ता संस्थाको गठन</u>**ः (१) दफा १० बमोजिमको गठन हुने उपभोक्ता संस्था गठन गर्दा ९ देखि ११ जना सदस्यहरु रहने गरी समावेशी प्रतिनिधित्वको आधारमा गर्नु पर्नेछ।

(२) जल उपभोक्ता संस्था दर्ताका लागि देहायको विवरणहरु सहित स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

(क) उपभोक्ता संस्थाको विधान।

(ख) मुहान दर्ता भई सकेको भए, दर्ताको प्रमाण र नभएको भए श्रोतको विवरण।

(ग) सेवा क्षेत्र र लाभान्वित जनसंख्या।

(घ) परियोजना विकासका लागि आवश्यक बजेट र प्राप्त हुने श्रोत,

(ङ) परियोजनाबाट पर्न सक्ने सामाजिक, वातावरणीय प्रभाव।

(च) कार्य समितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपि।

(छ) सम्बन्धित वडाको सिफारीस।

(३) उपदफा (२) बमोजिम पेश भएको निवेदन उपर छलफल र जाँचबुझ गरी नगरपालिकाले उपभोक्ता संस्था दर्ता गर्नेछ।

(४) उपभोक्ता संस्था अभिछिन्न उत्तराधिकारवाला संस्था हुनेछ।

(५) एक पटक छानिएको संस्थाको कार्य समितिको अवधि ३ वर्ष हुनेछ। अर्को पटकको लागि ३ वर्षे म्याद सकिनु १५ दिन अगावै उपभोक्ताहरुबाट नयाँ कार्य समितिको चयन गर्नु पर्ने छ।

(६) संस्थाको कार्य सञ्चालन प्रक्रिया र विधि विधानमा तोकिएबमोजिम हुनेछ

(७) यस संस्थाले वार्षिक लेखा परीक्षण र तिर्नु पर्ने कर फछ्र्यौट गर्नु पर्नेछ। नगरपालिकाको

आर्थिक ऐन र प्रदेश कानुनले तोकेबमोजिमको जलस्रोत उपयोग कर तिर्नु पर्नेछ।

(८) यस दफा तथा प्रचलित कानुन बमोजिमको दायित्व पुरा नगरेमा नगरपालिकाले उपभोक्ता संस्थाको दर्ता रद्द समेत गर्न सक्नेछ।

## परिच्छेद ४

## स्थानीय खानेपानी तथा सिंचाई व्यवस्थापन सम्बन्धी व्यवस्था

१२. **खानेपानी सेवाको व्यवस्थापनः** (१) नगरपालिकाले नगरपालिका क्षेत्रमा स्वच्छ र सुरक्षित खानेपानी सेवालाई नियमित, व्यवस्थित र सुलभ रुपमा प्रदान गर्नेछ।

(२) उपदफा (१) को प्रयोजनका लागि नगरपालिकाले आफै वा संगठित संस्था मार्फत खानेपानी सेवाको व्यवस्थापन गर्न सक्नेछ।

(३) नेपाल सरकार, सार्वजनिक संस्थान र स्थानीय उपभोक्ता संस्थाको लागत सहभागितामा निर्माण भई सञ्चालनमा रहेका एक भन्दा बढी खानेपानी आयोजनहरु मार्फत ५०० भन्दा बढी धाराहरुबाट खोनपानी सेवा प्रवाह गरिरहेको अवस्थामा

स्थानीय खानेपानी बोर्ड बनाई सेवा प्रवाह गर्न सक्नेछन्।

(४) यस प्रयोजनको लागि एक भन्दा बढी उपभोक्ता संस्थाहरुले यस्तो बोर्ड गठनको लागि नगरपालिका समक्ष आवेदन पेश गर्नु पर्ने छ। यसरी बोर्ड गठनको लागि देहायका विवरणहरु सहित पेस गर्नु पर्दछः-

(क) खानेपानी सेवा सञ्चालन तथा व्यवस्थापन गरिने भौगोलिक क्षेत्र,

(ख) सेवा सञ्चालन तथा व्यवस्थापन गरिने क्षेत्र भित्र रहेको खानेपानी परिमाण,

(ग) उपभोक्ताको अनुमानित संख्या तथा सेवा मागको विवरण,

(घ) सेवा सञ्चालन गर्नका लागि लाग्ने अनुमानित लागत,

(ङ) सेवा सञ्चालन, व्यवस्थापन, सोको मर्मत सम्भार तथा सुधार

वा सेवा विस्तारको लागि तयार गरिएको दीर्घकालिन योजना,

(च) बोर्ड आफैले वा अन्य व्यक्ति र संस्था मार्फत सेवा सञ्चालन गराउने हो सो सम्बन्धी बेहोरा,

(छ) कुनै सरकारी निकायले सञ्चालन गरिरहेको सेवा प्रणालीलाई बोर्डमा हस्तान्तरण गरी सेवा सञ्चालन गर्ने भए त्यस्तो सेवा प्रणालीसँग आबद्ध सम्पत्ति तथा दायित्व।

(ज) सञ्चालन तथा व्यवस्थापन प्रस्तावित मोडेल।

(५) उपदफा (४) बमोजिम परेका निवेदन उपर जाचबुझ गर्न त्यस्तो बोर्ड गठन गर्नु आवश्यक देखिएमा नगरपालिकाले माग बमोजिम बोर्ड गठन गर्न सक्नेछ।

(६) बोर्ड अविच्छिन्न उत्तराधिकारवाला स्वशासित संगठित संस्था हुनेछ। बोर्डले खानेपानी

आयोजनाको निर्माण, विस्तार, मर्मत सम्भार, महसुल, असुली, कार्यालय व्यवस्थापन लगायतका कार्य आफै गर्न सक्नेछ।

१३. **खानेपानी तथा सिंचाई शुल्क निर्धारण** : (१) नगरपालिकाले खानेपानी तथा सिंचाईको महशुल निर्धारण सम्बन्धी मापदण्ड बनाई कार्यान्वयन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको मापदण्डको अधिनमा रहि सम्बन्धित उपभोक्ता समितिले आफ्नो बार्षिक साधारण सभाबाट महसुल निर्धारण गर्न सक्नेछ र यसरी निर्धारण गरिएको महसुल लागु गर्नु पुर्व नगर कार्यपालिकाले स्वीकृति लिनु पर्नेछ।

## परिच्छेद ५

## भवन निर्माण तथा शहरी विकास सम्बन्धी कार्यहरु

१४. **स्वीकृती नलिई निर्माण तथा विकास गर्न नहुने**: (१) नगरपालिका क्षेत्र भित्र व्यवस्थित, सुरक्षित र योजनाबद्ध विकासका लागि कसैले पनि नगरपालिकाबाट स्वीकृति नलिई कुनै नयाँ भवन बनाउने, पुरानो भवन भत्काई पुनः निर्माण गर्ने, तला थप गर्ने, मोहोडा फेर्ने वा साविकको भवनमा झ्याल,

ढोका, बार्दली, कौशी, दलान आदि थपघट गरी बनाउने वा सोसँग सम्बन्धित गर्नु गराउनु हुदैन।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले भवन निर्माण सम्बन्धी निर्देशिका र नक्सा तयार गर्नेछ।

१५. **<u>भवनको अभिलेख राख्ने</u>**: नगरपालिकाले नगर क्षेत्र भित्र निर्माण भएका सम्पूर्ण भवन तथा संरचनाहरुको तोकिएबमोजिम दर्ता गराई अभिलेख तयार गर्नेछ।

१६. **<u>भवनको डिजाइन तथा नक्शा स्वीकृति सम्बन्धी व्यवस्था</u>**: (१) नगरपालिका क्षेत्र भित्र पक्की भवन आरसिसि संरचना निर्माण गर्न चाहने व्यक्ति, संस्था वा सरकारी निकायले भवन निर्माण गर्न प्रचलित कानुन र भवन निर्माण मापदण्ड बमोजिम स्वीकृतिको लागि नगरपालिका समक्ष दरखास्त दिंदा नक्सा साथ डिजाइन समेत पेश गर्नु पर्नेछ।

(२) आवासीय भवनको हकमा २५० वर्ग मिटर सम्मको भवन बनाउँदा ३० प्रतिशत खाली जग्गा छोड्नु पर्दछ। सरकारी, अर्ध सरकारी तथा

व्यापारिक भवन निर्माण गर्दा ५० प्रतिशत खाली स्थान छोड्नु पर्दछ।

(३) सडक छेउ भवन निर्माण गर्दा सडक किनाराबाट न्युनतम् ५ फिट सेट ब्याक छोड्नु पर्दछ।

१७. <u>**वस्ती विकासको लागि अनुमति दिने:**</u> नगरपालिका भित्र कुनै व्यक्ति समुदायले जग्गालाई घडेरी प्रयोजनको लागि विकास गर्ने वा यसरी विकास गरी विक्री गर्ने प्रयोजनबाट वस्ती विकास परियोजना सञ्चालन गर्न चाहेमा नगरपालिकाको कार्यालयमा वस्ती विकासको कार्ययोजना सहित अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

## परिच्छेद ६

## <u>पूर्वाधार आयोजना निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था</u>

१८. <u>**पूर्वाधार आयोजना तर्जुमा:**</u> (१) स्थानीय स्तरमा पूर्वाधार निर्माण, सञ्चालन र मर्मत सम्बन्धी योजना, आयोजना, परियोजना तथा कार्यक्रमहरुको विकासका

लागि योजना तर्जुमा गरी नगर सभाबाट पारित गर्नु पर्नेछ।

(२) पूर्वाधार योजना तर्जुमा क्रममा देहायबमोजिम उल्लेख गरी आयोजनाका विवरण तयार गर्नु पर्नेछ।

(क) आयोजनाको लक्ष्य।

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम ।

(ग) आयोजना सम्पन्न गर्दा लाग्ने खर्च र श्रोत।

(घ) उपभोक्ताहरुबाट प्राप्त हुन सक्ने नगद, वस्तुगत श्रम र त्यस्तै अन्य योगदान।

(ङ) उठ्न सक्ने सेवा शुल्क वा मर्मत सम्भार खर्च।

(च) निर्माण, सञ्चालन तथा व्यवस्थापनका स्वरुप।

१९. **लागत अनुमान तयार गर्नु पर्ने**: (१) नगरपालिकाले जुनसुकै सार्वजनिक निर्माण, मर्मत वा सुधार कार्यको लागि बजेट विनियोजन गर्नु पुर्व प्राविधिक अध्ययन सर्वेक्षण गराई लागत अनुमान तयार गर्नु पर्नेछ।

(२) कुनै पनि निर्माण तथा मर्मत सम्भार कार्यको लागत अनुमान नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतबाट स्वीकृत गराएर मात्र निर्माण कार्य अघि बढाउनु पर्नेछ।

२०. **पूवार्धार आयोजना निर्माण तथा सञ्चालन** (१) नगरपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने अनुसूची १ मा उल्लेखित पूर्वाधारको निर्माण तथा सञ्चालन प्रक्रिया सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ ले तोकेबमोजिम हुनेछ ।

(२) उपदफा (१) मा उल्लिखित प्रक्रियाको प्रतिकुलन नहुने गरी नगरपालिकाले थप निर्माण र संञ्चालन सम्बन्धी कार्य प्रक्रिया तोक्न सक्नेछ।

२१. **उपभोक्ता समिति मार्फत गर्न सकिने**: (१) सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली

२०६४ ले तोकेको सिमा सम्मको निर्माण तथा मर्मत सम्भार कार्य गराउँदा सम्बन्धित लाभान्वित परिवारका सदस्यहरुको संलग्नतामा उपभोक्ता समिति गठन गरी सो समिति मार्फत गर्न सकिनेछ।

(२) उपभोक्ता सिमितिको गठन, संचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

२२. **स्थानीय निर्माण व्यवसायी दर्ता गर्नेः** (१) नगरपालिकालेले तोकिएको सिमा सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य गर्ने प्रयोजनका लागि नगरपालिका भित्र रहेका योग्यता पुगेका समूह वा व्यक्तिलाई स्थानीय निर्माण व्यवसायीको रुपमा दर्ता गर्न सक्नेछ।

(२) उपरोक्त स्थानीय निर्माण व्यवसायी हुन इच्छुक समूह वा व्यक्तिले व्यवसाय दर्ता गर्ने प्रयोजनको लागि यस ऐन बमोजिम नगरपालिकामा आवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम उपयुक्त देखिएको समूह वा व्यक्तिलाई सम्बन्धित नगरपालिकामा निर्माण

कार्य गर्ने इजाजत सहितको व्यवसाय दर्ताको प्रमाणपत्र प्रदान गर्ने छ।

(४) उपदफा (२) बमोजिम दिइएको निर्माण व्यवसाय दर्ताको अभिलेख अद्यावधिक गराई राखु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको स्थानीय निर्माण व्यवसायीहरुले आफ्नो दर्ता प्रमाण पत्रको हरेक आर्थिक वर्षको पहिलो ३ महिना भित्र नवीकरण गराउनु पर्दछ।

(६) यस दफा बमोजिम दर्ता हुन चाहने स्थानीय निर्माण व्यवसायी देहाय बमोजिम योग्य हुनु पर्ने छः-

(क) न्युनतम् रु. २ लाख सम्मको चालु पूँजी देखाई नगरपालिकामा व्यवसाय दर्ता भएको,

(ख) व्यक्ति वा व्यवसायको नाममा गत आर्थिक वर्षमा न्युनतम् रु.

५ लाख सम्म बैकिङ्ग कारोवार गरेको,

(ग) आफ्नो वा एकाघरको स्वामित्वमा रु. ३ लाख सम्मको निर्माण उपकरण चालू हालतमा रहेको।

(७) स्थानीय निर्माण व्यवसायी दर्ता सम्बन्धी कार्यविधि तोकिएबमोजिम हुनेछ।

२३. **<u>पूर्वाधार निर्माण गराइने</u>**: (१) नगरपालिकालेले तोकिएको सिमा सम्मको पूर्वाधार निर्माण वा मर्मत सम्बन्धी कार्य योग्यता पुगेको उपभोक्ता समिति वा निर्माण व्यवसायीबाट काम गराउन सक्नेछ।

(२) उपदफा (१) प्रयोजनको लागि निर्माण व्यवसायी छनौट गर्दा आपसी प्रतिस्पर्धाका आधारमा छनौट गर्न सक्नेछ।

(३) नगरपालिकामा दर्ता भएका व्यवसायीहरु मध्येबाट निर्माण कार्यका लागि देहायको व्यवस्था हुनेछः -

(क) रित पुर्वक नगरपालिकाको संक्षिप्त सूचीमा सूचिकृत व्यवसायीहरु मध्ये बाट १५ दिनको सूचना दिई प्रस्ताव माग गर्न सकिने।

(ख) प्रस्ताव माग गर्दा सम्बन्धित काम वा सेवाको प्रकृति, परिमाण, लाग्ने रकम र अन्य आवश्यक, कुराहरु खुलाउनु पर्ने।

(ग) न्युनतम् कबोल गर्ने व्यवसायीलाई आवेदनको म्याद समाप्त भएको ७ दिन भित्र सम्झौताका लागि आव्हान गर्ने।

(घ) छानिएका व्यवसायीले कबोल रकमको १५ प्रतिशत बैंक ग्यारेन्टी सहित सम्झौताका लागि आउनु पर्ने।

(४) स्थानीय निर्माण व्यवसायीले पाएको काम आफैले सम्पन्न गर्नु पर्नेछ र कुनै अन्य निर्माण व्यवसायीसँग उप-करार गर्न सकिने छैन। कुनै कारणवश आफैले समयमा सो काम सम्पन्न गर्न नसक्ने भए सो कुराको सूचना नगरपालिकालाई दिनु पर्नेछ। त्यसरी सूचना प्रापत भएमा नगरपालिकाले सो सम्बन्धमा जाँच गरी सो सम्झौता तोडी बाँकी काम नियमानुसार गराउनु पर्नेछ।

(५) स्थानीय निर्माण व्यवसायीले सम्पन्न गरेको प्रत्येक सार्वजनिक निर्माण कार्यको विवरण त्यस्तो कार्य सम्पन्न गरेको प्रमाण पत्र प्राप्त गरेको मितिले पैतिस दिन भित्र नगरपालिका कार्यलयमा पेश गर्नु पर्दछ।

(६) निर्माण सम्बन्धी अन्य कुरा सम्बन्धित पक्षसँग गरिएको निर्माण सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

२४. **पूर्वाधार मर्मत संभार कोष**ः नगरपालिका भित्र रहेका नगर स्तरिय वा संघ, प्रदेश स्तरीय पूर्वाधारहरुको नियमित तथा आवश्यकता अनुसारको मर्मत गरी सेवा सुचारु गर्न पूर्वाधारहरुको नियमित तथा

आवश्यकतानुसारको मर्मत गरी सेवा सुधार गर्न पूर्वाधार मर्मत कोष स्थापना गर्नु पर्नेछ।

## परिच्छेद ७

## पूर्वाधार अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्था

२५. **पूर्वाधार अनुगमन समितिको गठनः** (१) नगरपालिका क्षेत्र भित्र नेपाल सरकार र प्रदेश सरकारको कार्यक्रम अन्तरगत निर्माण हुने ठूला आयोजन तथा नगरपालिकाको आफ्नै बजेटबाट निर्माण हुने ३० लाख भन्दा माथि लागत हुने पूर्वाधार निर्माण एवं मर्मत सम्भार कार्यहरुको गुणस्तर र समयबद्ध प्रगति अनुगमन गर्नका लागि सम्बन्धित क्षेत्रका लाभान्वित परिवारका सदस्यहरु सम्मिलित एक पूर्वाधार अनुगमन समिति गठन गरिनेछ।

(२) पूर्वाधार अनुगमन समितिको गठन देहाय बमोजिम हुनेछः

(क) नगरपालिका उप प्रमुख-अध्यक्ष

(ख) पूर्वाधार विकास समितिको संयोजक -सदस्य

(ग) स्थानीय विज्ञहरु मध्ये कार्यपालिकाले तोकोको एक महिला सहित २ जना -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृतले तोकेको कर्मचारी एक जना -सदस्य

(ङ) नगरपालिकाको भौतिक पूर्वाधार शाखा प्रमुख -सदस्य सचिव

२६. **<u>समितिको बैठक र अन्य कार्यविधि</u>**: (१) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) पूर्वाधार अनुगमन समितिको काम, कर्तव्य, अधिकार र अन्य कार्यविधि कार्यपालिकाले तोकेबमोजिम हुनेछ।

२७. **<u>अनुमगन पश्चात निर्देशन दिन सक्ने</u>**: (१) पूर्वाधार अनुगमन समितिले निर्माण वा मर्मत कार्य गर्ने निकायबाट सो कार्यको प्रस्तावित गुणस्तर र समयबद्ध प्रगति तालिका प्राप्त गरी सो बमोजिम अनुगमन गरेर

निर्माण व्यवसायीलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(२) केन्द्र र प्रदेश स्तरीय पूर्वाधार आयोजनाहरुको निर्माण र सञ्चालनको अवस्थाबारे सुझाव र सिफारिस गर्ने दायित्व समितिको हुनेछ।

२८. **सहमति दिनु पर्ने**ः नगरपालिका आफैले सञ्चालन गर्ने ३० लाख माथि लागत भएका पूर्वाधारहरुका निर्माण सम्पन्नता पश्चात निर्माण व्यवसायीलाई अन्तिम किस्ता भूक्तानी गर्न अनुगमन समितिको सहमति दिनु पर्नेछ।

२९. **कारवाहीको सिफारिस गर्न सक्ने**ः नगरपालिका क्षेत्र भित्र निर्माण कार्य भइरहेको प्रदेश सरकार वा नेपाल सरकार अन्तरगतको पूर्वाधार आयोजना अनुगमन गर्दा गुणस्तरमा कमजोरी भएको खण्डमा वा निर्माण व्यवसायी कै लापरवाहीका कारण निर्धारित समय भित्र प्रगति नदेखिएमा अनुगमन समितिले सम्बन्धित निर्माण व्यवसायीहरुलाई कारवाहीका लागि प्रदेश वा नेपाल सरकार समक्ष सिफारिस गर्न सक्ने र आफ्नो नगरपालिका भित्र उक्त व्यवसायीलाई आगामी दिनमा काम नदिने व्यवस्थाका लागि सिफारिस गर्न सक्नेछ।

३०. **कालो सुचीमा राख्ने**: (१) देहायको अवस्थामा नगरपालिका कार्यालयले सबै प्रकारका निर्माण व्यवसायीलाई भविष्यमा निर्माण कार्य नदिने गरि कालो सूचीमा राख्न सक्नेछ।

(क) कुनै फौजदारी कसुरमा अदालतबाट दोषी ठहर भएमा।

(ख) पूर्वाधार निर्माणको लागि छनौट भई सम्झौता गरेर ३ महिना सम्म काम शुरु नगरेमा।

(ग) सम्झौता अनुरुपको दायित्व पालना नगरेको वा सम्झौता बमोजिमको गुणस्तर नभएका कुरा पछि प्रमाणित भएमा,

(घ) योग्यताको कागजात पेश गर्दा ढाँटी वा झुक्याई खरीद सम्झौता गरेको प्रमाणित हुन आएमा,

(ङ) डर त्रास वा धम्कि दिई खरीद प्रक्रियालाई प्रभावित पर्ने कार्य गरेमा।

(च) प्रचलित कानुनल निषेधित गरेको कार्य गरेमा।

(२) उपदफा (१) बमोजिम कालो सूचीमा राख्दा कसूरको गाम्भीर्यताको आधारमा कालो सूचीको अवधी तोक्न सकिनेछ।

३१. **<u>प्राविधिक मूल्यांकन गर्नु पर्ने</u>**: (१) नगरपालिका भित्र निर्माण भएका भौतिक पूर्वाधारहरुको प्राविधिक मूल्यांकन गरी पूर्वाधारको गुणस्तर सुनिश्चित गरिनेछ।

(२) उपदफा (१) बमोजिम प्राविधिक जाँचको लागि आवश्यक प्रयोगशालाको व्यवस्थापन गर्न सकिनेछ।

## परिच्छेद ८

## सार्वनजिक निजी साझेदारीमा पूर्वाधार संरचनाको निर्माण तथा सञ्चालन

३२. **<u>निजी साझेदारीमा पूर्वाधारको विकास गर्न सक्ने</u>**: (१) यस ऐन बमोजिम कुनै व्यक्ति, स्थानीय निर्माण



बुढीनन्दा नगरपालिका

व्यवसायी, संस्था वा कम्पनीसँग नगरपालिकाले खानेपानी, विद्युत, सडक, सरसफाइसँग सम्बन्धित संरचना वा पूर्वाधारहरुको निर्माण, सञ्चाल तथा व्यवस्थापनमा निजी लगानीकर्तासँग साझेदारी गर्न सक्नेछ।

(२) उपदफा (१) को प्रयोजनको लागि नगरपालिकाले पूर्वाधारका अवस्था, आवश्यक्ता र उपयोगिताको आधारमा देहाय बमोजिमका विभिन्न मोडेलहरु अवलम्वन गरी निजी साझेदारसँग लगानी प्राप्त गर्न र प्रतिफल बाँडफाड गर्ने गरी निश्चित अवधीको लागि सम्झौता गर्न सक्नेछ।

(क) सञ्चालन तथा ब्यवस्थापनः अधिकतम् ५ वर्षको लागि,

(ख) निर्माण सञ्चालन तथा हस्तान्तरणः ७ देखि १५ वर्षको लागि,

(ग) निर्माण स्वामित्वकरण सञ्चालन तथा हस्तान्तरणः १५ देखि २० वर्षका लागि र

(घ) लिज वा कन्शेसनः सम्झौतामा तोकिएबमोजिममा अधिकतम् २२ वर्षका लागि ।

३३. **<u>प्रस्ताव आव्हान गर्न सक्नेः</u>** (१) नगरपालिकाले दफा (३२) बमोजिम पूर्वाधार संरचनाहरुको निर्माण वा मौजुदा संरचनाहरुको सञ्चालन तथा व्यवस्थापनको लागि मनशाय पत्र वा प्रस्ताव आव्हान गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रस्ताव पेस गर्न चाहने व्यक्ति, संस्था वा निजी व्यवसायीले साझेदारीको स्वरुपको आधारमा देहायका विवरणहरु खोली प्रस्ताव पेश गर्नु पर्दछ।

(क) निर्माण गर्नुपर्ने वा सञ्चालन गर्नु पर्ने पूर्वाधारको विवरण

(ख) अनुमानित लागत

(ग) वित्तिय स्रोत

(घ) वातावरणिय प्रतिवेदन (आवश्यक भएको अवस्थामा)

(ङ) कार्यान्वयनको विवरण

(च) परियोजना कार्यान्वयन गर्दा सम्भावित जोखिम र जोखिम न्यून गर्ने प्रस्तावित उपायहरु

(छ) परियोजनाको नक्सा तथा ड्रइङ्ग डिजाइन

(ज) प्रस्तावित शुल्क र करार अवधी

३४. **<u>प्रस्ताव छनौट र सम्झौता</u>**: (१) प्राप्त भएका प्रस्ताव उपर नगरपालिकाले विज्ञ टोलीद्वारा तपसिलका आधारहरुमा मूल्यांकनका गराई प्रस्ताव छनौट गर्न सक्नेछ ।

(क) पूर्वाधारबाट उपलब्ध हुने सुविधाको स्तर र गुणस्तर

(ख) प्रस्तावित निजी लगानी

(ग) सेवा शुल्क र रोयल्टी रकम

(घ) लिज अवधि

(ङ) प्रविधिको नौलोपन स्थानीय रोजगारीको अवसर वृद्धि

(२) उपदफा (१) मा उल्लेखित आधारहरुबाट उपयुक्त देखिएको प्रस्तावकसँग नगरपालिकाले अवधी किटान गरी साझेदारी सम्झौता गर्न सक्नेछ।

## परिच्छेद ९

## वातावरण, भू-संरक्षण तथा वैकल्पीक उर्जा

३५. **वातवरणीय प्रभाव मूल्यांकन सम्बन्धी व्यावस्थाः** (१) नगरपालिकाले प्रचलित कानुन बमोजिम पूर्वाधार आयोजनाहरुको वातावरणीय परीक्षण र वातावरण प्रभाव मूल्यांकन गराउनु पर्नेछ।

(२) आयोजनाको संक्षिप्त र प्रारम्भिक वातावरणीय अध्ययनको स्वीकृति नगरपालिका आफैले गर्नेछ भने वातावरण प्रभाव मूल्यांकनको स्वीकृति तोकिएको निकायबाट गराउनु पर्नेछ।

(३) आयोजनाको वातावरणीय अध्ययन तथा मूल्यांकन तोकिएबमोजिम हुनेछ।

३६. **बैकल्कपिक ऊर्जालाई प्रोत्साहनः** (१) पूर्वाधार सेवा सुविधाको निर्माण तथा विस्तारमा बैकल्पिक उर्जालाई प्रोत्सान गर्नु पर्नेछ।

(२) कुनै घरमा सोलार, वायो ग्याँस, सुधारिएको चुल्हो लगाएतका वैकल्पिक उर्जा जडान गर्नु अघि वडा कार्यालय मार्फत नगरपालिकामा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराएमा सरकारवाट पाउने अनुदान वा सहयोग दिईने छैन।

(३) घरेलु शौचालयलाई वायो ग्याँस उत्पादमा प्रयोग गर्ने वा सेप्टिक टैंक वनाउने घरधुरीलाई नगरपालिकाले सम्पत्ति कर वा मालपोत १० प्रतिसत सम्म छुट दिन सक्नेछ।

३७. **भु-क्षय नियन्त्रण सम्बन्धी कार्य गर्न सक्नेः** (१) नगरपालिका भित्रको भूक्षय ग्रस्त सार्वजानिक जग्गा, पाखो, खोला किनार वा सडक किनारामा वाँस तथा फलफूलजन्य वनस्पतिको रोपण गर्न स्थानीय समुदायलाई अनुमति दिन सक्नेछ।

(२) यस्तो कार्यका लागि सम्वन्धित ब्यक्ति वा समूहले स्थान तोकि वृक्षारोपणका लागि नगरपालिका समक्ष निवेदन दिन सक्नेछ।

(३) वृक्षरोपणका लागि प्रस्तावित क्षेत्रका ब्याक्तिले चर्चेको जमिन वा अन्य सार्वजनिक आवागमनमा वाधा पुर्याउने खालको हुनुहुदैन।

(४) प्रस्तावित स्थाल उपयुक्त देखेमा नगरपालिकाले अधिकतम् ७ वर्षको लागि वृक्षरोपण गर्न र सो को उत्पादन उपयोग गर्न अनुमति प्रदान गर्नेछ।

(५) उपरोक्त बमोजिम अनुमति दिदा सडक छेउको हकमा सम्बन्धित संधियारलाई प्राथामिकता दिनुपर्छ।

३८. **<u>फोहोरमैला तथा फोहोर पानी व्यावस्थापन</u>**ः (१) नगरपालिका भित्र उत्सर्जन हुने ठोस तरल फोहोरलाई यथोचित व्यावस्थापनको लागि व्यवस्थित कार्य योजना तर्जुमा बनाउनु पर्छ।

(२) नगरपालिका भित्र फोहोरमैला व्यवस्थापनको लागि ल्यण्डफिल्ड साईट निर्माण गर्न अन्य नगरपालिकासँग समन्वय गर्न सक्नेछ।

## परिच्छेद १०

## <u>विविध</u>

३९. **<u>साझेदारी वा संयुक्त व्यवस्थापनमा कार्य गर्न सक्नेः</u>** नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकतम् उपयोग वा

प्रभावकारी सेवा प्रवाहको लागि देहायको विषयमा अन्य स्थानीय तहसँग साझेदारी, सम्झौता वा संयुक्त व्यवस्थापन गर्न सक्नेछः

(क) बृहत पूर्वाधार निर्माण, ठूला मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ख) विपद् व्यवस्थापन,

(ग) यातायातको सञ्चालन तथा व्यवस्थापन,

(घ) फोहोरमैला बिसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(ङ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(च) बस्ती विकास तथा भू-उपयोग योजना,

(छ) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(ज) संयुक्त उद्यम,

(झ) आधारभूत तथा माध्यमिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

(ञ) स्थानीय बजार व्यवस्थापन र वातावरण संरक्षण,

(ट) अन्तर स्थानीय तह भगिनी सम्बन्ध,

(ठ) असल अभ्यास र अनुभवको आदान प्रदान,

(ड) भौतिक तथा आर्थिक सहयोग,

(ढ) अन्य उपयुक्त विषय ।

४०. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा लेखिएको विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

४१. **नियम वनाउन सक्ने**ः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगर कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ।

४२. **बचाऊ**ः यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्य यसै ऐन बमोजिम भएको मानिनेछ।

बुढीनन्दा नगरपालिका

# अनुसूची-१

*(दफा २० उपदफा (१) सँग सम्वन्धित)*

**नगरपालिका भित्र निर्माण तथा व्यवस्थापन गर्नु पर्ने पूर्वाधारहरुको सूची**

(क) स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक, सिंचाई सम्बन्धित नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(ख) स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक, झोलुङ्गे पुल, पुल पुलेसा, सिंचाई र तटबन्ध सम्वन्धी स्थानीय तहको गुरुयोजना तर्जुमा, निर्माण स्तरोन्नति आयोजना पहिचान, अध्ययन, कार्यान्वयन, मर्मत सम्भार र नियमन,

(ग) स्थानीय स्तरमा ट्रलि वस, ट्राम, केबुलकार जस्ता मध्यम स्तरका मास ट्रान्जिट प्रणलीको नीति, कानुन, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(घ) स्थानीय स्तरमा यातायात सुरक्षा व्यवस्थापन र नियमन,

(ङ) स्थानीय खानेपानी सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना, कार्यन्वयान र नियमन

(च) खानेपानी महसुल निर्धाण र खानेपानी सेवा व्यावस्थापन सम्वन्धी

(छ) साना जलबिद्युत आयोजना सम्बन्धी स्थानीय स्तरको नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यन्वयन र नियमन

(ज) स्थानीय खानेपानी, साना जल विद्युत आयोजना, वैकल्पीक उर्जा सम्वन्धी नीति कानुन, मापदण्ड र योजना, कार्यान्वयन र नियमन

(झ) स्थानीय बिद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन सञ्चालन र नियमन

(ञ) स्थानीय साना सतह तथा भूमिगत सिंचाई प्रणालीको सञ्चालन र मर्मत सम्भार सेवा शुल्क निर्धारण र संकलन व्यवस्थापन

(ट) स्थानीय तटवन्ध नदी पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र नियमन

(ठ) स्थानीय स्तरमा वैकल्पीक उर्जा सम्वन्धी नीति, कानुन मापदण्ड योजना तर्जुमा कार्यान्वयन र नियमन र

(ड) स्थानीय स्तरमा वैकल्पीक उर्जा सम्वन्धी प्रविधिको विकास र हस्तान्तरण क्षमता अभिवृद्धि तथा प्रवर्द्धन।

आज्ञाले
ओमजङ्ग शाही
नि. प्रमुख प्रशासकीय अधिकृत

बुढीनन्दा नगरपालिका